रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७७/०३/१० (अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, ५ नं.प्रदेश

**रुरुक्षेत्र गाउँपालिकाको आर्थिक ऐन, २०७७**

सम्बत २०७७ को *ऐन* नं. २ *गाउँसभा बाट स्वीकृत* मिति :२०७७/०३/१०

## रुरुक्षेत्र गाउँपालिकाको आर्थिक ऐन, २०७७

## रुरुक्षेत्र गाउँपालिकाको आर्थिक ऐन

## रुरुक्षेत्र गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत भएको मिति- २०७७/०३/१०**

**प्रस्तावनाः** रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१ ) यस ऐनको नाम "रुरुक्षेत्र गाउँपालिकाको आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि रुरुक्षेत्र गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत):** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूचि–१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **व्यवसाय करः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि–२ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **सेवा शुल्क, दस्तुरः** (१) गाउँपालिकाले उपलब्ध गराउने सेवामा अनूसूचि-३ बमोजिम सेवाग्राहीबाट सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि-४ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

६. **वनपैदावार वा वनजन्य जडीवुटी, कवाडी र जीवजन्तु करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत त्यस्तो कारोवारको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिने छ।

७. **काठ दाउरा विक्री करः** (१) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनवाट विक्री गर्ने काठ, दाउरा, घाँसमा विक्री मुल्यको १० प्रतिशत रकम कर लगाईने र असुल उपर गरिने छ।

८. **कवाडी करः** (१) गाउँपालिका क्षेत्र भित्र कवाडी मालवस्तु व्यवसायीक रुपमा संकलन गरी विक्री वितरण गर्ने कार्यमा कर लगाइने र असूल उपर गरिने छ।

९. **दाउरा व्यवस्थापनः** (१) कालीगण्डकी नदी (गाउँपालिका क्षेत्रमा) दाहसंस्कार वा अन्य कार्य गर्नको लागि दाउराको व्यवसायिक वेचविखनमा कर लगाइने र असूल उपर गरिने छ।

१०. **वहाल करः** (१) गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, जग्गा, सवारी साधन भाडामा दिई व्यापार व्यवसाय वा अन्य कार्यालय संचालन गरेकोमा १० प्रतिशत वहाल कर लगाइने र असूल उपर गरिनेछ।

११. **घर जग्गा वहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

१२. **सवारी साधन करः** (१) गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोहि बमोजिम हुनेछ ।

१३. **मनोरन्जन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोहि बमोजिम हुनेछ ।

१४. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र विक्री वितरणः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर, वहत्तर) उत्खनन्, संकलन, भण्डारण र विक्री वितरण वापत रोयल्टी प्रतिस्पर्धात्मक ठेक्कावाट अनुसूची-५ वमोजिम कर लगाइने र असुल उपर गरिने छ।

१६. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. **दण्ड जरिवाना सम्वन्धी व्यवस्थाः** (१) व्यवसाय नविकरण आ.व. शुरु भएको मितिले ३ महिना भित्र गरि सक्नुपर्ने छ।

(२) आ.व. शुरुभएको मितिले ३ महिना भित्र नविकरण नगरेमा पौष मसान्त सम्म थप १५ प्रतिशत र असार मसान्त सम्म थप २५ प्रतिशत जरिवाना तिरी नविकरण गर्न सकिनेछ ।

(३) एक आ.व.मा नविकरण नगरेमा अर्को वर्ष दोव्वर दस्तुर जरिवाना लाग्नेछ। र दोस्रो वर्ष पनि नविकरण नगरेमा दोव्वर दस्तुर जरिवाना लिई नेपाल सरकारको कानुन वमोजिम पसल/व्यवसाय वन्द गराउने प्रक्रिया शुरु गरिनेछ।

(४) सिंचाई सुविधा भएको खेतीयोग्य जमिन बाँझो राखेमा त्यसरी बाँझो रहेको जमिनको प्रति रोपनी रु. १००/- (अक्षरुपी एक सय) का दरले जरिवाना लगाइने छ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कोभिड-१९ को कारण लकडाउनमा परी कर, दस्तुर बुझाउन नपाएका करदाता वा व्यवसायीहरुले बक्यौता रकम सहित २०७७ असोज मसान्त सम्ममा बुझाउनुपर्ने कर, शुल्क, दस्तुर बुझाएमा बक्यौता रकममा थप जरिवाना वा शुल्क लगाइने छैन।

## अनुसुची १
## भूमि कर (मालपोत)

| क्र.सं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | कर, दस्तुर (रकम रु.मा) |
|---|---|---|
| १. | ५ रोपनी सम्म | १५ |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म | थप २० |
| ३. | १० रोपनी माथी | प्रति रोपनी रु.५ थप |

## अनुसुची २
## व्यवसाय कर

| क्र. स. | विवरण | एकाई | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ तथा किराना खुद्रा पसल | प्रति पसल | ७५० | ५०० |
| २ | लुगा सिलाउने पसल | ,, | ७५० | ५०० |
| २१ | कपडा पसल सहित लुगा सिलाउने पसल | ,, | ३००० | २००० |
| ३ | कपाल काट्ने सैलुन | ,, | १५०० | १००० |
| ४ | पान पसल | ,, | ७५० | ५०० |
| ५ | फोटो स्टुडियो | ,, | १५०० | १००० |
| ६ | माटोको भाँडा पसल | ,, | ७५० | ५०० |
| ७ | भाँडा पसल (फलाम, तामा, स्टील, आदी धातुका भाँडा वेच्ने) | ,, | २२५० | १५०० |
| ८ | कपडा पसल | ,, | २२५० | १५०० |
| ९ | पर्दा कार्पेट पसल | ,, | १५०० | १००० |
| १० | हार्डवेयर पसल | ,, | ४५०० | ३००० |
| ११ | मूर्ति /उपहार पसल | ,, | ७५० | ५०० |
| १२ | विजुलीको सामान बेच्ने पसल | ,, | २२५० | १५०० |
| १३ | टेलिभिजन, कम्प्यूटर, मोबाइल पसल | ,, | ३००० | २००० |
| १४ | सावारी साधन वेच्ने पसल | ,, | ७५०० | ५००० |
| १५ | गर गहना बनाउने र बेच्ने पसल | ,, | ४५०० | ३००० |
| १६ | स्टेशनरी /पुस्तक पसल | ,, | १५०० | १००० |
| १७ | पेट्रोलपम्प | ,, | ४५०० | ३००० |
| १८ | पेट्रोलियम पर्दाथ बेच्ने पसल | प्रति पसल | १५०० | १००० |
| १९ | जुत्ता पसल | प्रति पसल | १५०० | १००० |
| २० | आइसक्रिम वेच्ने पसल | ,, | ७५० | ५०० |
| २१ | फलफूल/तरकारी पसल | ,, | ७५० | ५०० |
| २२ | मिठाई वेच्ने पसल | ,, | १५०० | १००० |
| २३ | मासु पसल | ,, | ३००० | २००० |
| २४ | मेशिनको पार्ट पूर्जा वेच्ने पसल/वर्क्ससप | ,, | ४५०० | ३००० |
| २५ | इजाजत प्राप्त मदिरा पसल | प्रति पसल | ७५०० | ५००० |
| २६ | औषधी पसल / मेडिकल | ,, | ३००० | २००० |
| २७ | खाना, नास्ता, चिया, तथा हल्का पेय पर्दाथ बेच्ने पसल | ,, | ७५० | ५०० |
| २८ | छापाखाना | ,, | १५०० | १००० |
| २९ | साधारण होटेल/गेष्ट हाउस, लज | ,, | २२५० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| ३० | पार्टिप्यालेस | ,, | ४५०० | ३००० |
| ३१ | कविराज/ चिकित्सा सेवा | ,, | ७५० | ५०० |
| ३२ | मनि चेन्जर/रेमिट्यान्स | प्रतिकेन्द्र | ३००० | २००० |
| ३३ | ब्यूटी पार्लर | प्रति पसल | २२५० | १५०० |
| ३४ | दुध डेरी | प्रति पसल | १५०० | १००० |
| ३५ | निर्माण व्यवसायी /कन्स्ट्रक्सन कम्पनी | प्रति संख्या | ७५०० | ५००० |
| ३६ | गिफ्ट शप | ,, | ७५० | ५०० |
| ३७ | फेन्सी पसल | ,, | ३००० | २००० |
| ३८ | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) | ,, | ४५०० | ३००० |
| ३९ | केवुल नेटवर्किङ्ग | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ४५००<br>७५०० | ३०००<br>५००० |
| ४० | बैङ्क | ,, | ७५०० | ५००० |
| ४१ | वित्तिय संस्था माईक्रोफाईनान्स | ,, | ४५०० | ३००० |
| ४२ | सहकारी संस्था | ,, | ७५० | ५०० |
| ४३ | अस्पताल | ,, | ३७५० | २५०० |
| ४४ | थोक किराना तथा गल्ला पसल | ,, | ३००० | २००० |
| ४५ | एफ.एम. रेडियो | ,, | ५००० | १००० |
| ४६ | विमा एजेन्ट | ,, | १५०० | १००० |
| ४७ | ग्याँस विक्रेता | ,, | ४५०० | ३००० |
| ४८ | ल्याव | ,, | ३००० | २००० |
| ४९ | डेन्टल | ,, | ३००० | २००० |
| ५० | चल्ला वेच्ने फर्म | ,, | ३००० | २००० |
| ५१ | कोचिङ सेन्टर | ,, | ३००० | २००० |
| ५२ | कम्प्यूटर इन्स्टीच्यूट | ,, | ३००० | २००० |
| ५३ | माछा पसल | ,, | १५०० | १००० |
| ५४ | कस्मेटिक समान बेच्ने पसल | ,, | १५०० | १००० |
| ५५ | फोटोकपी | ,, | ७५० | ५०० |
| ५६ | व्यवसायीक तालिम /सिलाइ कटाई तालिम संचालन गर्ने व्यवसाय | ,, | १५०० | १००० |
| ५७ | सिसा /प्लाइउड पसल | ,, | १५०० | १००० |
| ५८ | साइनवोर्ड /पेन्टिङ्ग पसल | ,, | १५०० | १००० |
| ५९ | सोलार / सौर्य उर्जा | ,, | ३००० | २००० |
| ६० | कुरियर सेवा | ,, | ७५० | ५०० |
| ६१ | टयाङ्कर व्यवसाय | ,, | ३००० | २००० |
| ६२ | घरेलु तथा कृषि उद्योग , पशु, कृषि, घरेलु पोल्ट्री फर्म, गाई फर्म | ,, | ७५० | ५०० |
| ६३ | एग्रोभेट / बिउविजन विक्रि गर्ने | ,, | ७५० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | पसल | | | |
| ६४ | टि.भी., कम्प्यूटर मोवाईल मर्मत | ,, | १५०० | १००० |
| ६५ | घडि, रेडियो पसल | ,, | ७५० | ५०० |
| ६६ | होस्टेल संचालन | ,, | १५०० | १००० |
| ६७ | टेन्ट/क्याटेरिङ्ग व्यवसाय | ,, | ३००० | २००० |
| ६८. | उद्योग वाणिज्य संघ, व्यापार संघ, होटल व्यवसायी संघ, गैर सरकारी संस्था लगायतका संघ संस्था | ,, | ७५० | ५०० |
| ६९. | नदीमा माछा छोपी व्यवसाय गर्ने अनुमति प्राप्त व्यवसायी | ,, | ३००० | २००० |
| ७०. | तीन पाङग्रे अटो रिक्सा | ,, | ७५० | ५०० |
| ७१. | होम स्टे संचालन | प्रति पसल | निशुल्क | १५०० |
| ७२. | निजी व्यक्तिहरुको घर वा जग्गामा राख्ने टेलिकम टावर | प्रति टावर | ७,५००/ | ५,०००/ |
| ७३. | जल विद्युत उद्योग | प्रति उद्योग | १८,०००/ | १२,०००/ |

सार्वजनिक जग्गामा रहने टेलिकम टावरहरुको भाडा रकम गाउँकार्यपालिकाको निर्णय अनुसार तोकिनेछ ।

**उद्योग व्यवसाय**

| सि. नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १ | इटा टायल उद्योग | ३००० | २००० |
| २ | होजियरी उद्योग | १५०० | १००० |
| ३ | कुटानी, पिसानी, पेलानी मिल आदी | १५०० | १००० |
| ४ | कुटानी, पिसानी, मिल आदी | ७५० | ५०० |
| ५ | आल्मूनियम उद्योग,ग्रील उद्योग | ३००० | २००० |
| ६ | स्टिल फर्निचर उद्योग एवं विक्रेता | ३००० | २००० |
| ७ | फर्निचर तथा काष्ठ उद्योग | ३००० | २००० |
| ८ | सिरक डसेना उद्योग | ७५०० | ५००० |
| ९ | जुस/अचार उद्योग | ७५०० | ५००० |
| १० | पाउरोटी उद्योग | ७५० | ५०० |
| ११ | ढुङ्गा, गिट्टी, वालुवा खानीवाट निकाली डम्पिङ्ग गर्ने व्यक्ति वा फर्म | ७५०० | ५००० |
| १२ | क्रसर उद्योग | १२००० | ८००० |

**संस्थागत विद्यालय तर्फ**

| क्र.सं. | संस्थागत विद्यालयको कक्षा संचालन | दस्तुर रु. |
|---|---|---|
| १. | ५ कक्षा सम्म संचालन | ३,००० |
| २. | ८ कक्षा सम्म संचालन | ५,००० |

| | | |
|---|---|---|
| ३. | १० कक्षा सम्म संचालन | ७,००० |
| ४. | १२ कक्षा सम्म संचालन | १०,००० |

**डोजर सूचीकृत**

| सि.नं. | विवरण | सूचिकृत दस्तुर रु. |
|---|---|---|
| १. | १०० हर्ष पावर भन्दा तल | १०००० |
| २. | १०० हर्ष पावर भन्दा माथी | २०००० |

पुनश्चः डोजर दर्ता प्रत्येक आ.व.को आश्विन मसान्त भित्र गराइसक्नु पर्नेछ । तोकिएको समयमा दर्ता नगरी विलम्व गरेमा प्रथम एक महिनाको लागि १०० हर्ष पावर सम्मको क्षमतालाई थप रु.१००००।– र त्यस अवधी पार गरी दर्ता गर्न आएमा थप रु. २००००।– वुझाई दर्ता गर्नुपर्ने छ र १०० हर्ष पावर भन्दा माथीको क्षमता भएको डोजरको हकमा विलम्व गरेको एक महिनाको लागि थप रु.१५०००।– र त्यस अवधी पार गरि दर्ता गर्न आएमा थप रु.३००००।– वुझाउनु पर्नेछ । नया खरिद भएका डोजरहरु खरिद भएको मितिले १ महिना भित्र निर्धारित शुल्क तिरी सूचीकृत हुनुपर्ने छ । अन्यथा माथि उल्लेख गरिए अनुसार विलम्व शुल्क लाग्नेछ ।

**अनुसूची-३**
**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नक्कल उतार प्रतिलिपि प्रतिपाना | ५० |
| २ | नागरिकता सिफारिस दस्तुर | १०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ३०० |
| ४ | नाता प्रमाणित नेपालीमा | १०० |
| ५ | घर बाटो सिफारिस | २५० |
| ६ | सजंमिन मुचुल्का | २०० |
| ७ | चारकिल्ला प्रमाणित प्रति सिफारिस | २०० |
| ८ | अंग्रेजी भाषामा गरिने सिफारिस | २०० |
| ९ | अग्रेजी भाषामा गरिने नाता प्रमाणित | २०० |
| १० | आम्दानी प्रमाणित र धितो मुल्याङ्कन | |
| | क) ५ लाख सम्म | ५०० |
| | ख) १० लाख सम्म | १००० |
| | ग) १० लाख भन्दा माथी प्रति लाखमा | १०० थप |
| ११ | घर पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० |
| १२ | मुद्धा मामिला दर्ता | १०० |
| १३ | मुद्धा मामिला मिलापत्र दस्तुर | ५०० |
| १४ | पञ्जीकरण विलम्ब शुल्क | ५० |

| | | |
|---|---|---|
| १५ | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ३००० |
| १६ | जग्गा दर्ता सिफारिस ५ रोपनी सम्म | ५०० |
| १७ | जग्गा दर्ता सिफारिस ५ रोपनी माथी | १००० |
| १८ | विद्युत जोड्ने सिफारिस | १०० |
| १९ | धारा जोड्ने सिफारिस | १०० |
| २० | रेखाङ्कन लगायतका अन्य कार्यको सर्जमिन प्रति सर्जमिन | ५०० |
| २१ | व्यवसाय नामासारी | ५०० |
| २२ | व्यवसाय संचालनमा नभएको व्यहोराको सिफरिस | १०० |
| २३ | साधारण सिफारिस | १०० |
| २४ | पञ्जीकरण प्रतिलिपी | १०० |
| २५ | अन्य प्रतिलिपी सिफारिस | २०० |
| २६ | कुकाठ काटानी सिफारिस २० वोट सम्म | २००० |
| | क) सो भन्दा माथी प्रति वोट | १५० |
| २७ | वैदेशिक पेन्सन सिफारिस | २०० |

### विद्यालय खोल्ने र कक्षा थप सम्वन्धी अनुमती

| क.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | आधारभुत तह | २००० |
| २ | मा.वि. | ३००० |

### घरकर

| क.सं. | विवरण | कर रु. |
|---|---|---|
| १ | टिनको छानो | ३० |
| २ | पक्की ढलान आर.सि.सि.१ तले | १०० |
| ३ | पक्की ढलान आर.सि.सि.२ तले | १५० |
| ४ | पक्की ढलान आर.सि.सि.३ तले | २२० |
| ५ | पक्की ढलान आर.सि.सि.४ तले | २५० |
| ६ | पक्की ढलान आर.सि.सि.४ तला माथी प्रति तला | १०० |

### घर नक्सा पास तर्फ

| क.सं. | विवरण | कर रु. हजारमा |
|---|---|---|
| १ | गोरेटो वाटो घर नक्सा पास प्रति वर्ग फुट -R.C.C) | ३ |
| २ | कच्ची मोटर वाटो प्रति वर्ग फुट -R.C.C) | ५ |
| ३ | पक्की मोटर वाटो -हाइव समेत) प्रति वर्ग फुट -R.C.C) | ६ |

### अनुसुची ४
### विज्ञापन कर

| क.सं. | होडिङ्ग वोर्डको साईज | दस्तुर रु. |
|---|---|---|
| १. | ४‘×६‘ को साईज | १,००० |

| | | |
|---|---|---|
| २. | सो भन्दा वढी साईज भएमा | २,००० |

## अनुसुची ५
## ढुङ्गा, गिट्टी, वालुवा तर्फ रोयल्टी कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | प्रति टयाक्टर | ५०० |
| २ | प्रति मिनि ट्रक | १२५० |
| ३. | प्रति ट्रिपर/ट्रक | १८५० |

यस अनुसूचीको सन्दर्भमा प्रदेश कानून वा कार्यविधिमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

## अनुसूची ६
## आन्तरिक आम्दानी विवरण

| क्र.सं. | शिर्षक | प्रस्तावित आम्दानी (रु.हजारमा) |
|---|---|---|
| १. | भूमिकर (मालपोत)/ घर कर | २७० |
| २. | व्यवसाय कर | ७०० |
| ३. | उद्योग व्यवसाय कर | २० |
| ४. | विज्ञापन कर | २ |
| ५. | मनोरन्जन कर | १ |
| ६. | घर, जग्गा वहाल कर | १५० |
| ७. | सवारी साधन वहाल कर | ५० |
| ८. | अन्य वहाल कर | १० |
| ९. | कवाडी कर | २०० |
| १०. | घाट गद्दी, दाउरा दहत्तर वहत्तर रोयल्टी | २५५ |
| ११. | ढुङ्गा, गिट्टी, वालुवा रोयल्टी | ५००० |
| १२. | वनपैदावार विक्री वितरणवाट प्राप्त रोयल्टी | १८ |
| १३. | घर नक्शा पास शुल्क | ५० |
| १४. | सिफारिस, सेवा, शुल्क दस्तुर | २५० |
| १५. | विद्यालय खोल्ने/कक्षा थप अनुमति दस्तुर | २ |
| १६. | गाउँपालिकाको अनुमतिमा सार्वजनिक सम्पत्तिको प्रयोग वापतको रोयल्टी | २०० |
| १७. | हाटवजार, मेला, प्रदर्शनी संचालन आम्दानी | ११८५ |
| १८. | अन्य कर तथा दस्तुर | २ |
| १९. | डोजर सूचिकृत दस्तुर | ७० |
| २०. | प्रशासनिक दण्ड जरिवाना | १० |
| २१. | सवारी साधन (तिन पाङ्ग्रे अटो रिक्सा) | ५ |
| २२. | अन्य कर | ५० |
| | जम्मा | ८५०० |

**प्रमाणीकरण मिति** मिति :२०७७०३१० 

आज्ञाले
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत